# भाग ५

## नेपाल सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने चितवन जिल्ला, साविक अयोध्यापुरी हाल माडी नगरपालिका वडा नं. १२ स्थित बाँदरझुलाको बस्ती स्थानान्तरण गरी व्यवस्थापन गर्ने सम्बन्धी समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी सो समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम रहने गरी तोकेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस गठन आदेशको नाम "चितवन जिल्ला, साविक अयोध्यापुरी हाल माडी नगरपालिका वडा नं. १२ बाँदरझुलाको बस्ती व्यवस्थापन समिति गठन आदेश, २०७३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "उपयोग पुर्जा" भन्नाले जग्गाको स्वामित्व नेपाल सरकारमा रही जुन प्रयोजनको लागि दिइएको हो सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्ने र कुनै प्रकारले हक हस्तान्तरण, अंशबण्डा, दृष्टिबन्धक वा धितो राख्न नमिल्ने गरी जारी गरिएको पुर्जा सम्झनु पर्छ।

(ख) 'परिवार' भन्नाले एकासगोलमा रहेका बाजे-बज्यै, बाबु-आमा, पति-पत्नी, छोरा-छोरी, छोरा-बुहारी, नाति-नातिनी, धर्मपुत्र-धर्मपुत्री सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ग) 'भूमिहीन' भन्नाले आफ्नो वा आफ्नो परिवार वा अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल राज्यभित्र कुनै ठाउँमा घरजग्गा नभएको, घरजग्गा जोड्न सक्ने साधनस्रोत नभएको, आफ्नो वा आफ्नो परिवारको कुनै व्यापार वा व्यवसाय नभएको वा प्राकृतिक प्रकोपबाट घर जग्गा विहीन हुन पुगेको र श्रम गरी जीविकोपार्जन गर्ने नेपाली नागरिक वा निजप्रति आश्रित परिवार सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "विभाग" भन्नाले भूमिसुधार तथा व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित चितवन जिल्ला, साविक अयोध्यापुरी हाल माडी नगरपालिका वडा नं. १२ बाँदरझुलाको बस्ती व्यवस्थापन समिति सम्झनु पर्छ।

(छ) "सम्बन्धित कार्यालय" भन्नाले सम्बन्धित क्षेत्र हेर्ने मालपोत कार्यालय सम्झनु पर्छ ।

३. <u>समितिको गठन :</u> (१) चितवन जिल्ला, साविक अयोध्यापुरी हाल माडी नगरपालिका वडा नं. १२ बाँदरझुलाको बस्ती व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, चितवन - संयोजक

(ख) प्रमुख, चितवन राष्ट्रिय निकुञ्ज - सदस्य

(ग) प्रमुख, नापी कार्यालय, चितवन - सदस्य

(घ) प्रमुख, डिभिजन भवन कार्यालय, चितवन -सदस्य

(ङ) प्रमुख मालपोत अधिकृत,मालपोत कार्यालय, चितवन -सदस्य--सचिव



१३४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकले उपयुक्त ठहऱ्याएको स्थान, मिति र समयमा बस्नेछ ।

(३) समितिको बैठक संयोजकको अनुमतिले सदस्य-सचिवले बोलाउनेछ ।

(४) समितिको बैठकमा कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा समितिले आवश्यकता अनुसार विषय विज्ञ वा अन्य कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) चितवन जिल्ला, साविक अयोध्यापुरी हाल माडी नगरपालिका वडा नं. १२ बाँदरझुलास्थित बस्तीमा बसोवास गरेका परिवारहरुमध्ये भूमिहीन परिवारले अनुसूची-१ को ढाँचामा निवेदन दिन तीस दिनको अवधि तोकी सार्वजनिक सूचना प्रकाशित गर्ने,

(ख) खण्ड (क) बमोजिमको सूचना बमोजिम रीतपूर्वक पर्न आएका निवेदन मध्येबाट पहिचान र छानबिन गरी वास्तविक भूमिहीन परिवारको लगत विवरण तयार गरी दावी उजुरी गर्नका लागि पन्ध्र दिनको अवधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ ।

(ग) खण्ड (ख) बमोजिमको सूचना बमोजिम दावी उजुरी परेमा सो को पहिचान, छानबिन र प्रमाणीकरण गरी वास्तविक भूमिहीन परिवारको अन्तिम लगत प्रकाशन गर्ने,

(घ) बस्ती स्थानान्तरणका लागि अनुसूची-२ बमोजिमका स्थान मध्येबाट उपयुक्त स्थान छनौट गर्ने,

(ङ) खण्ड (घ) बमोजिम छनौट भएका स्थानहरुका कित्ता नम्बर र क्षेत्रफल यकिन गर्ने,

(च) खण्ड (ङ) बमोजिमका कित्ता जग्गाहरुमा दफा ६ मा तोकिएको मापदण्ड बमोजिमको क्षेत्रफलमा नबढ्ने गरी विकसित आवासका प्लट नम्बर उल्लेख गरी नक्सा योजना तयार गराउने,

(छ) खण्ड (च) बमोजिमको नक्सा योजना अनुरुप तोकिएका स्थानहरुमा विकसित आवासका प्लट निर्माण गराउने,

(ज) खण्ड (ग) बमोजिमको अन्तिम लगतका भूमिहीन परिवारलाई खण्ड (छ) बमोजिमका विकसित आवासका प्लटहरुका कित्ता जग्गा नेपाल सरकारको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम गर्ने र गोलाप्रथाबाट प्रति परिवार एक कित्ता विकसित आवासका प्लट उपलब्ध गराउने निर्णय गर्ने,

(झ) खण्ड (ग) बमोजिमको अन्तिम लगतका भूमिहीन परिवारलाई खण्ड (छ) बमोजिमका विकसित आवासका प्लटहरुका कित्ता जग्गा नेपाल सरकारको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम गरी जग्गा उपयोग गर्ने परिवारको नाम समेत उल्लेख गर्न, सोही बमोजिम कित्ताकाट गर्न र जग्गा



१३४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

उपयोग पूर्जा तयार गर्ने सम्बन्धित मालपोत र नापी कार्यालयमा लेखी पठाउने,

(ञ) खण्ड (झ) बमोजिम तयार भएका जग्गा उपयोग पूर्जा सम्बन्धित परिवारलाई वितरण गर्ने,

(ट) स्थानान्तरण हुने परिवारलाई आफू बसोबास गरेको घर भत्काई काठपात ल्याउन अनुमति दिने ।

५. पहिचान प्रमाणीकरण र अभिलेखीकरण गर्ने आधारहरु : दफा ४ को खण्ड (क) बमोजिम परेका निवेदन मध्येबाट भूमिहीन परिवारहरुको पहिचान, प्रमाणीकरण र अभिलेखीकरण गर्ने आधारहरु देहाय बमोजिम हुनेछन् :-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थानीय नगरपालिकाले बाँदरझुला बस्तीमा बसोबास गरिरहेको भूमिहीन परिवार हो भनी गरेको सिफारिस,

(ग) बस्तीमा बसोबास गरेको घरको फोटो,

(घ) मागदावी पुष्टी गर्ने अन्य प्रमाण भए सो समेत ।

६. कार्यविधि: दफा ४ को खण्ड (घ) बमोजिम छनौट भएको स्थानमा व्यवस्थित घडेरी तयार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) दफा ४ को खण्ड (घ) बमोजिम छनौट गरिएका जग्गाहरु नापजाँच गरी क्षेत्रफल यकिन गर्ने,

(ख) दफा ४ को खण्ड (घ) बमोजिम छनौट गरिएका जग्गाहरु जग्गा दर्ता भै नसकेको वा स्रेस्ता तयार नभएको भए नेपाल सरकारका नाममा दर्ता गरी जग्गाधनी श्रेस्ता कायम गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। १३४८

(ग) प्रत्येक विकसित आवास प्लट कित्ता जग्गामा छ मिटर चौडा बाटो हुने गरी एक सय तीस वर्ग मिटरका प्लटहरु हुने गरी विकसित आवास प्लटको योजना तयार गरी फिल्डमा प्लानिङ गर्ने,

(घ) फिल्डमा प्लानिङ गर्दा प्रत्येक विकसित आवास प्लटमा ढल, पानीको पाइप र विद्युत पोलहरुको स्थान सुनिश्चित गर्ने,

(ङ) प्रत्येक विकसित आवास प्लटमा निर्माण गरिने घरको उपयुक्त नक्सा डिजाइन गरी उपलब्ध गराउने,

(च) विवाहित परिवारको हकमा जग्गा उपयोग पूर्जाको स्रेस्ता र पूर्जामा अनिवार्य रुपमा पति, पत्नी दुवैको संयुक्त नाम उल्लेख गर्ने,

(छ) जग्गा उपयोग पूर्जामा उल्लेखित जग्गाको अंशबण्डा गर्न, कुनै प्रकारले धितो बन्धक राख्न र बिक्रीवितरण गर्न नहुने व्यहोरा जग्गा उपयोग पूर्जामा उल्लेख गर्ने ।

७. समितिको कार्यालय : समितिको कार्यालय मालपोत कार्यालय, चितवनमा रहनेछ ।

८. समितिको कार्यक्षेत्र : समितिको कार्यक्षेत्र चितवन जिल्ला, साविक अयोध्यापुरी हाल माडी नगरपालिका वडा नं. १२ बाँदरझुलाको बस्ती बसाउन पहिचान गरिएको चितवन जिल्लाको अनुसूची-२ बमोजिमको सरकारी जग्गा रहेको क्षेत्र हुनेछ ।

९. कर्मचारी सम्बन्धी व्यवस्था : समितिलाई आवश्यक पर्ने अनसूची-३ बमोजिमका कर्मचारीहरु भूमिसुधार तथा व्यवस्थापन विभाग र नापी विभागबाट समितिको कार्य अवधिभरका लागि काजमा



१३५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपलब्ध गराइने वा आवश्यकता अनुसार करारमा भर्ना गर्न सकिनेछ ।

१०. पारिश्रमिक, भत्ता तथा बैठक भत्ता : (१) समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित व्यक्तिहरुले प्रति बैठक एक हजार रुपैंयाका दरले बैठक भत्ता पाउनेछन् ।

(२) समितिमा काजमा खटिने कर्मचारीले निजले खाईपाई आएको शुरु तलब स्केलको पच्चीस प्रतिशतका दरले मासिक रुपमा भत्ता पाउनेछन् ।

(३) समितिको कामको सिलसिलामा नाप नक्सा लगायतको फिल्डको काममा खटिने पदाधिकारी तथा कर्मचारीले उपदफा (२) मा उल्लेख भएको भत्ताका अतिरिक्त प्रचलित कानून बमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउनेछन् ।

(४) नाप नक्साको कार्यमा फिल्डमा खटिने कर्मचारीले टोटल स्टेसन लगायतका यन्त्र उपकरण प्रयोग गर्दा नापी विभागको मापदण्ड अनुसारको नापी कामदार प्रयोग गर्न पाउनेछन् ।

११. बजेट सम्बन्धी व्यवस्था : समितिको लागि आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले मन्त्रालय मार्फत उपलब्ध गराउनेछ ।

१२. निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथ : (१) समितिबाट तयार भएको निर्णय, माइन्यूट, निर्णय मिसिल, नक्सा लगायत अन्य कागजात प्रमाणित गर्ने कार्य सदस्य-सचिवले गर्नेछ ।

(२) समितिको निर्णय बमोजिम दर्ता श्रेस्ता तथा उपयोग पुर्जा तयार गर्ने तथा सम्बन्धित भूमिहीन परिवारलाई वितरण गर्ने कार्य सम्बन्धित मालपोत कार्यालयले गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 

(३) समितिबाट तयार भएको माइन्युट, नक्सा, श्रेस्ता लगायतका कागजात तथा जिन्सी सामानहरु समितिको काम सम्पन्न भएपछि मालपोत कार्यालय, चितवनमा र नक्सा तथा प्लट रजिष्टर नापी कार्यालय चितवनमा बुझाउनु पर्नेछ । यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

१३. उजुरी गर्न सक्ने : समितिले वितरण गरेको उपयोग पुर्जा पाउने परिवारको नाममा अन्यत्र जग्गा रहेको प्रमाण राखी जुनसुकै बखत उजुरी दिन सकिनेछ । यस्तो उजुरीका सम्बन्धमा मन्त्रालयले छानबिन गर्नेछ ।

१४. नेपाल सरकारको नाममा कायम हुने : दफा १३ बमोजिम उजुरी छानबिन गर्दा सही ठहरेमा वा अन्य कुनै व्यहोराले प्रमाणित भएमा यसरी पाएको जग्गाको उपयोग पूर्जाबाट निजको नाम खारेज गरी नेपाल सरकारको नाममा कायम हुनेछ ।

१५. समितिको कार्य अवधि : समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले छ महिनाको हुनेछ ।



१३५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| |
|---|
| दर्ता नं.- |
| मिति:- |

| |
|---|
| निवेदकको फोटो |

अनूसुची - १

(दफा ४ को खण्ड (क) सँग सम्बन्धित)

भूमिहीन परिवारले दिने निवेदनको ढाँचा

विषय:- भूमिहीन भएकोले आवासको लागि उपयोग पूर्जा पाउँ ।

श्रीमान् अध्यक्षज्यू,
बसोबास व्यवस्थापन जिल्ला समिति, चितवन ।

म, मेरो परिवार र अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपालभित्र कुनै ठाउँमा घरजग्गा नभएकोक घरजग्गा जोड्न सक्ने साधनस्रोत नभएकोले, यस साविक अयोध्यापुरी हाल माडी नगरपालिका वडा नं. १२ बाँदरझुलामा बसोबास गरि आएको छु । हाल यो स्थान चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा परेकोले राष्ट्रिय निकुञ्जले बसोवास गरिरहेको क्षेत्रलाई खाली गराउन सूचना प्रकाशित गरेकोले बसोबास गरेको स्थान छोड्नु पर्ने अवस्था रहेको छ । यस क्षेत्रका वास्तविक भूमिहीनहरुलाई अन्यत्र वसोबास गराउने बारेको समितिबाट प्रकाशित सूचनाको म्यादभित्र वास्तविक भूमिहीनको हैसियतले तपसिलको विवरण सहित यो निवेदन पेश गरेको छु ।

(१)

(क) निवेदकको नाम:-

(ख) बाबुको नाम:-

(ग) बाजेको नाम:-

(घ) पति/पत्नीको नाम:-

(२) पारिवारिक विवरण

| सि.नं. | नाम | नाता |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

(३) नागरिकता नं....... ...फोटो सहितको मतदाता परिचयपत्र नं (उपलब्ध भए).........

(४) स्थायी ठेगाना:- अञ्चल:...............जिल्ला......... ... .......
न.पा/गा.वि.स.........................वडा नं........टोल...........

(५) हालको ठेगाना:- अञ्चल:.................जिल्ला.................
न.पा/गा.वि.स.........................वडा नं........टोल............

(६) पेशा:-.....................



१३५३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) भूमिहीन हुनाको कारण: ............ ...... ....... ....... ....... ........... ...........

(८) विगतमा गठित आयोग/समितिबाट सुविधा/जग्गा प्राप्त गरि सकेको छ ☐ छैन ☐

यसमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुठा ठहरिए कानून बमोजिम सहुँला बुझाउँला।

हस्ताक्षर...........मिति .......... ..........

निवेदकको नाम:-.................

मोबाइल नं...............

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

कार्यालय प्रयोजनको लागि

मिति ....................................

प्रमाणित गर्ने अधिकारी

द्रष्टव्य:

- सम्बन्धित भूमिहीनले मात्र निवेदन दिन पाउनेछ।
- सूचना प्रकाशन भएको १५ दिन भित्र निवेदन समितिमा बुझाउनु पर्नेछ।
- निवेदन साथ निम्न बमोजिम प्रमाणहरु संलग्न गर्नु पर्नेछ।
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
- बसोबास गरेको स्थानको स्थानीय गाउँ विकास समिति/नगरपालिकाको सिफारिस।
- निवेदकको व्यहोरा झुठा ठहरिएमा निवेदन रद्द हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



१३५४.
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची -२
### (दफा ४ को खण्ड (घ) र दफा ८ सँग सम्बन्धित)

| गा.वि.स. | नक्सा नं | कित्ता नं | क्षेत्रफल | किसिम | जग्गाधनी | मोठ पा.नं. | बनोट | बस्ती योग्य |
|---|---|---|---|---|---|---|---|---|
| पिप्ले | ३ | ३१ | ६–१–६–० | पर्ति ऐलानी | मिन्हा | १९१ | टार | हो |
| शुक्रनगर | ९ख | १ | १–१५–११ | ऐलानी | नेपाल सरकार | ६२६ क | समथर | हो |
| शुक्रनगर | ९ख | २ | २–४–१९–० | पर्ति | नेपाल सरकार | ६२६ क | समथर | हो |
| शुक्रनगर | २क | ७ | १–५–२.५–० | पर्ति | मिन्हा | ६२२ | टार | हो |
| खैरहनी | ९ | ९९ | १(६(१६(० | पर्ति | मिन्हा | ८०१ | भिरालो | हो |
| खैरहनी | ९ | १०६ | १०–६–१३ | पर्ति | मिन्हा | ८०१ | समथर | हो |
| माडी कल्याणपुर | ४ख | १२५ | ३–१६–११ | पर्ति | सरकारी | – | टार | हो |

मुद्रण विभाग, सिंहदरबार



१३५५,
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची -३
## (दफा ९ सँग सम्बन्धित )
## कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था

| सि.नं. | कर्मचारीको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | मालपोत अधिकृत | १ | भूमिसुधार तथा व्यवस्थापन विभागले व्यवस्था गर्ने |
| २ | नापी अधिकृत | १ | नापी विभागले व्यवस्था गर्ने |
| ३ | ना.सु. (रा.प.अनं.प्रथम) | २ | भूमिसुधार तथा व्यवस्थापन विभागले व्यवस्था गर्ने |
| ४ | सर्भेक्षक (रा.प.अनं.प्रथम) | २ | नापी विभागले व्यवस्था गर्ने |
| ५ | अमिन (रा.प.अनं.द्वितीय) | २ | नापी विभागले व्यवस्था गर्ने |
| ६ | कार्यालय सहयोगी (श्रेणीविहीन, जंजिदार समेत) | २ | भूमिसुधार तथा व्यवस्थापन विभाग र नापी विभागले व्यवस्था गर्ने |
| | जम्मा | १० | कैफियत |

मुद्रण विभाग, काठमाडौं



१३५६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची(४

(दफा ११ सँग सम्बन्धित )

| सि.नं. | बजेट शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | भत्ता | ९,५०,०००/– | समितिको बैठक भत्ता र कर्मचारी भत्ता |
| २ | दैनिक भ्रमण भत्ता | ७,००,०००/– | नाप नक्सा र प्लानिङको लागि भत्ता |
| ३ | कार्यालय खर्च | १,५०,०००/– | समितिको कार्यालय सञ्चालन |
| ४ | कार्यक्रम भ्रमण | १,००,०००/– | पदाधिकारीहरुको स्थलगत भ्रमण समेत |
| ५ | विविध | १,००,०००/– | बैठकको लागि चियापान र पदाधिकारीको स्थलगत भ्रमणको लागि पेट्रोल खर्च समेत |
| | जम्मा | २०,००,०००/– | |

आज्ञाले,
कृष्ण प्रसाद देवकोटा
नेपाल सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

13४६